# दुग्ध उत्पादक सहकारी संस्थालाई चिलिङ्ग भ्याट बितरण कार्यक्रम कार्य सञ्चालन प्रक्रिया

*(कृषि तथा पशु पन्छी विकास मन्त्रालयको मिति २०७७/०६/११ को मन्त्रिस्तरीय निर्णयवाट स्वीकृत)*

## १. पृष्ठभूमि

भौगोलिक विकटता, सडक सुविधाको कमी, छरिएर रहेका साना दूध उत्पादक फार्महरु आदि कारणहरुले गर्दा नेपालको ग्रामीण भेकमा उत्पादन हुने १५-१७ प्रतिशत दूध मात्र औपचारिक संयन्त्र मार्फत बजारमा बिक्री भइरहेको छ भने उत्पादन हुने करीव ५० प्रतिशत भन्दा बढी दूध घरमै खपत हुने गरेको छ। नेपालमा गठित १८०० भन्दा बढी दुग्ध उत्पादक सहकारी संस्थाहरु दूधको बजारीकरणका प्रमुख पात्र भए पनि दूध भण्डारण गर्ने पर्याप्त क्षमताको अभावले गर्दा तिनले सबै उत्पादकबाट पूरै दूध खरिद गर्न सकेका छैनन र छिटै नष्ट हुने पदार्थ भएकोले उपयुक्त तरिकाले भण्डारण नगरिदा दूधको गुणस्तर समेत बिग्रिने गरेको छ। यस प्रकार दुग्ध उत्पादक सहकारी संस्थाहरुमा दूध चिस्याउने पर्याप्त सुविधा नहुदा दुग्ध उत्पादक सहकारीहरुले प्रायः बिहानको दूध मात्र खरिद गर्ने गरेका छन। जसले गर्दा कृषकले उत्पादन गर्ने आधा दूध बिक्री हुन सकिरहेको छैन।

अतः अधिकांश साना उत्पादकहरु संगठित भएर बनेका दुग्ध उत्पादक सहकारी संस्थाहरुमा चिलिङ्ग भ्याट उपलब्ध गराई तिनको दूध चिस्यान र भण्डारण क्षमता वृद्धि गर्न सकिएमा संकलन गरिने दूधको परिमाण पनि बढ्दै जाने र संकलन हुने दूधको गुणस्तर समेत सुधार हुने देखिन्छ। उत्पादित दूधको बिक्री बढ्दा व्यावसायिकरुपमा गाई/भैंसीपालन गर्ने कृषकहरु प्रोत्साहित हुने र दूधको स्वच्छता बढ्दा सहरी उपभोक्ता समेत लाभान्वित हुने भएकोले आवश्यकता र मागको आधारमा दुग्ध उत्पादक सहकारी संस्थाहरुको दूध चिस्याउने र भण्डारण गर्ने क्षमता बढाउन कृषि तथा पशुपन्छी विकास मन्त्रलाय (मन्त्रिस्तर) बाट यो दुग्ध उत्पादक सहकारी संस्थालाई चिलिङ्ग भ्याट वितरण कार्यक्रम कार्य सञ्चालन प्रक्रिया स्वीकृत गरिएको छ ।

## २. उद्देश्य

क) दुग्ध सहकारी संस्थाहरुको दूध भण्डारण गर्ने क्षमता बढाई ग्रामीण भेकमा उत्पादन हुने दूधलाई बजारमा पुर्याउन सहयोग गर्ने।

ख) दुग्ध उत्पादक सहकारी संस्थाहरुको दूध चिस्यान तथा भण्डारण गर्ने क्षमता वृद्धि गरी कृषकले विहान र साँझ दुबै समयको दूध बिक्री गर्न पाउने अवस्था सिर्जना गर्ने।

ग) दूधलाई चिस्याएर बिग्रनबाट जोगाई सहकारीहरुको नोक्सानी कम गर्ने र दूधको स्वच्छता कायम गर्ने।

## ३. कार्यक्रम सञ्चालन हुने स्थान

यो कार्यक्रम माग र आवश्यकता हेरी देशका नेपाल लाईभस्टक सेक्टर इनोभेसन आयोजना लागू नभएका अन्य कुनै पनि जिल्लामा सञ्चालन गर्न सकिने छ।



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

## ४. कार्यक्रम संचालन प्रक्रिया

### ४.१ सहभागीताका शर्त र प्रस्ताव माग

क) नेपाल लाईभस्टक सेक्टर इनोभेसन आयोजनाले आफ्नो स्वीकृत वार्षिक कार्यक्रम अनुसार चिलिङ्ग भ्याट वितरण गर्नको लागि अनुसूची–१ बमोजिमको ३५ (पैंतीस) दिन म्याद सहितको सार्वजनिक सूचना प्रकाशन गरी कार्यक्रममा सहभागी हुन इच्छुक दुग्ध उत्पादक सहकारी संस्थाहरुबाट कार्ययोजना सहितको प्रस्ताव माग गर्ने छ ।

ख) चिलिङ्ग भ्याट माग गर्ने दुग्ध उत्पादक सहकारी संस्थाहरु कानून बमोजिम दर्ता भएका र दूध संकलनको कारोवारमा संलग्न भएको हुनुपर्ने छ ।

ग) ५०० लिटर क्षमताको चिलिङ्ग भ्याट माग गर्ने दुग्ध उत्पादक सहकारी संस्थामा कम्तीमा दैनिक ४०० लिटर तथा १००० लिटर क्षमताको चिलिङ्ग भ्याट माग गर्ने संस्थामा दैनिक कम्तीमा ८०० लिटर दूध संकलन र बिक्री वितरण भइरहेको हुनुपर्ने छ ।

घ) चिलिङ्ग भ्याट स्थापना गरिने स्थानमा बाटो, पानी, बिजुली जस्ता पूर्वाधारहरुको सुविधा उपलब्ध हुनुपर्ने छ ।

ङ) चिलिङ्ग भ्याट स्थापना गर्नेसंस्थाले बिधुतको औद्योगिक मिटर जडान गर्नु पर्ने छ ।

च) चिलिङ्ग भ्याट माग प्रस्ताव आयोजना व्यवस्थापन कार्यालय वा विकेन्द्रीकृत आयोजना सहयोग इकाई कार्यालयमा दर्ता गर्न सकिने छ ।

### ४.२ दुग्ध उत्पादक सहकारी संस्थाको छनौट

क) विकेन्द्रीकृत आयोजना सहयोग इकाई कार्यालयमा दर्ता भएका सबै चिलिङ्ग भ्याट माग प्रस्तावहरु आयोजना व्यवस्थापन कार्यालयमा पठाइने छ ।

ख) प्राप्त चिलिङ्ग भ्याटका माग प्रस्तावहरुको मूल्याङ्कन आयोजना व्यवस्थापन कार्यालयको सार्वजनिक खरिद ऐन बमोविम गठन भएको मूल्याङ्कन समितिले गर्ने छ। उक्त मूल्याङ्कन समितिले देहायका कार्यालयका प्रतिनिधिहरुलाई समेत विज्ञको रुपमा आमन्त्रण गरी प्रस्ताव मूल्याङ्कनमा सहभागी गराउने छः

१. प्रतिनिधि, राष्टिय दुग्ध विकास बोर्ड, हरिहरभवन, ललितपुर

२. प्रतिनिधि, केन्द्रीय दुग्ध उत्पादक सहकारी संघ

ग) मूल्याङ्कन समितिले अनुसूची–३ को आधारमा प्राप्त माग प्रस्तात्रहरुको मूल्याङ्कन गरी आयोजनाको वार्षिक लक्ष्य अनुसारका संख्याका चिलिङ्ग भ्याटहरु कुन कुन सहकारी संस्थालाई वितरण गर्ने हो सिफारिस गर्ने छ ।

घ) मूल्याङ्कन समितिको सिफारिस आयोजना निर्देशकबाट स्वीकृत भएपछि कार्यान्वयन गरिने छ ।



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

## ४.३ कार्यन्वयन

क) आयोजना र बुँदा ४.२ ख अनुसार छनौट भएका दुग्ध उत्पादक सहकारी संस्थाबीच अनुसूची–४ बमोजिमको सम्झौता गरी कार्यक्रम सञ्चालन गरिने छ ।

ख) चिलिङ्ग भ्याट प्रयोग सम्बन्धी अन्य शर्तहरु सम्झौता पत्रमा उल्लेख गरे अनुसार हुनेछन् ।

ग) चिलिङ्ग भ्याट प्राप्त गर्ने सहकारी संस्थाले आयोजनाले माग गरेको अवधि र ढाँचामा नियमितरुपमा प्रगति पठाउनु पर्ने छ ।

घ) यो कार्यक्रमको अनुगमन मूल्याङ्कन आयोजना तथा अन्य सरोकारवाला पक्षबाट गरिने छ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

# अनुसूची -१

## चिलिङ्ग भ्याट वितरण कार्यक्रम सम्बन्धी प्रस्ताव आह्वानको सूचना

नेपाल लाईभस्टक सेक्टर इनोभेशन आयोजनाको आ.व. ..........को स्वीकृत वार्षिक कार्यक्रममा चिलिङ्ग भ्याट (५०० वा १००० लिटर क्षमताका) वितरण गर्ने लक्ष्य रहेकोले आयोजनाबाट चिलिङ्ग भ्याट प्राप्त गरी सञ्चालन गर्न इच्छुक दुग्ध उत्पादक सहकारी संस्थाहरुबाट निम्न अनुसारका कागजात सहित यो सूचना प्रकाशन भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस आयोजना व्यवस्थापन कार्यालयमा सिधै वा आयोजना मातहतका विकेन्द्रीकृत आयोजना सहयोग इकाई मार्फत प्रस्ताव पेश गर्न आह्वान गरिन्छ।

**प्रस्ताव साथ संलग्न हुन पर्ने आवश्यक कागजातहरुको विवरण**

१. निवेदन।

२. निर्धारित ढाँचामा संक्षिप्त प्रस्ताव।

३. चिलिङ्ग भ्याट स्थापना तथा सञ्चालन गर्ने स्थान बारे जानकारी।

४. संस्था दर्ताको प्रमाण।

५. भ्याट/प्यानमा दर्ता तथा कर चुक्ता प्रमाण।

६. सामाजिक तथा वातावरणीय सुरक्षा पालन गर्ने प्रतिबद्धता।

७. सम्बन्धित स्थानीय तहलाई जानकारी गराएको पत्र।

# अनुसूची -२

कार्ययोजना सहितको प्रस्तावको ढाँचा

**१. संस्था तथा जिम्मेवार व्यक्ति**

१.१ नाम .....................................................................

१.२.ठेगानाः........................जिल्लाः..............................प्रदेशः ............................

१.३ जिम्मेवार ब्यक्तिको नामः

१.४.टेलिफोन नं............................................ ईमेलः .......................................

१.५ स्थापना वर्षः ..... ..... ......

१.५ संस्थामा आबद्ध सदस्य संख्याः

**२. चिलिङ्ग भ्याट स्थापना गरिने स्थान**

२.१ ठेगानाः........................जिल्लाः..............................प्रदेशः ............................

२.२. टेलफोन नं............................................ ईमेलः .......................................

**३. कारोवार वितरण**

३.१ सहकारीमा संलग्न कृषक संख्याः ..... .....

३.२ दैनिक दूध बिक्री गर्ने कृषकको सरदर संख्याः ..... ..... ......

३.३ दैनिक संकलन हुने दूध (लिटर) (बिगत तीन वर्षको) ..... ..... .....

**४. आवश्यक भौतिक पूर्वाधारः**

४.१ पानीः............

४.२ चिलिंग भ्याट राख्ने घरकोठाः आफ्नै ☐ भाडामा ☐

४.३विध्युतः थ्री फेज लाइन भएको ☐ थ्री फेज लाइन नभएको ☐

४.३ बाटोको सुविधाः वर्षभरी चालु रहने ☐ वर्षभरी चालुनरहने ☐

**५. थप चिलिङ्ग भ्याटको आवश्यकता र प्रयोजन बारे लेख्नुहोस्: ..... ...... .......**

(माग गरेको भ्याटकोक्षमता, अन्य मेसिनरी औजारहरु, भ्याट राखेपछि थप हुने दूधको परिणाम, थप हुने रोजगारी, आम्दानी आदिप्राविधिक, आर्थिक र सामाजिक पक्षमा प्राप्त हुने लाभ)

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं

# अनुसूची -३

## चिलिङ्ग भ्याट स्थापना कार्यक्रमका साझेदार छनौट मूल्याङ्कनका मापदण्डहरु

| क्र.सं. | मापदण्ड | अधिकतम अङ्क | अङ्क प्रदान गर्ने आधार र अङ्क भार |
|---|---|---|---|
| १. | दूध संकलन कार्यकोलागि सहकारी रहेको स्थानको उपयूक्तता | २० | सडक सुविधा -८ |
| | | | वर्षभर चालू रहने सडक सुविधा भएको — ८ |
| | | | वर्षमा ८ देखि १० महिना मात्र सडक सुविधा भएको - ४ |
| | | | २. विद्युत आपूर्तिः ८ |
| | | | थ्री फेज लाइन भएको - ८ |
| | | | थ्री फेज लाइन नभएको— ० |
| | | | ३. बजार सम्भावना— ४ |
| | | | बजार नजिक र स्थानीयरुपमा दूध वा दुग्ध पदार्थ बिक्री गर्ने सम्भावना भएको -४ |
| | | | बजार टाढा र स्थानीयरुपमा दूध वा दुग्ध पदार्थ बिक्री गर्ने सम्भावना कम भएको - २ |
| २ | दूध संकलन कार्यमा सहकारीको अनुभव | १५ | प्रति वर्ष ५ का दरले अधिकतम १५ अङ्क । |
| ३ | विगत ३ (तीन) वर्षमा सहकारीको दूध तथा दुग्ध पदार्थको कारोवार वृद्धि | २५ | प्रति ४ प्रतिशत वृद्धिको लागि १ अङ्क का दरले बढीमा २५ अंक । |
| ४ | चिलिङ्ग भ्याट थपेपछि संकलन गर्न सकिने थप दूधको परिमाण | ४० | प्रत्येक २.५ प्रतिशत सम्भाव्य वृद्धिकालागि १ अङ्कका दरले बढीमा ४० अङ्क । |
| जम्मा | | १०० | |

## अनुसूची -४

## सम्झौता पत्रको नमूना

नेपाल लाईभस्टक सेक्टर ईनोभेसन आयोजनाको आ.व. ............ को स्वीकृत कार्यक्रममा दुग्ध उत्पादक सहकारी संस्थाहरुलाई माग र आवश्यकताको आधारमा चिलिङ्ग भ्याट वितरण गर्ने लक्ष्य रहेकोमा मिति ......................मा प्रकाशित सूचना पश्चात प्राप्त हुन आएका प्रस्तावहरु मध्ये मिति .................... को मूल्याङ्कन समितिको निर्णयानुसार श्री ........................................को प्रस्ताव स्वीकृत भएकोले नेपाल लाईभस्टक सेक्टर ईनोभेसन आयोजना (यसपछि प्रथम पक्ष भनिएको) र श्री ........................................................ (यसपछि दोस्रो पक्ष भनिएको) बीच दुबै पक्षले तपशील अनुसारका शर्तहरु पालना गर्ने गरी चिलिङ्ग भ्याट उपलब्ध गराउने तथा सञ्चालन गर्ने यो सम्झौता सम्पन्न भयो।

<u>तपशील</u>

१. प्रस्तावित चिलिङ्ग भ्याट ........................... जिल्ला ................................. गाउँ/नगरपालिकाको वडा न. ............ को ...............(ठाउँ) मा जडान गरी सञ्चालन गरिने छ।

२. प्रथम पक्षले ............. लिटर क्षमताको चिलिङ्ग भ्याट खरिद गरी दोस्रो पक्षलाई निशुल्क उपलब्ध गराउने छ।

३. दोस्रो पक्षले प्रथम पक्षबाट प्राप्त चिलिङ्ग भ्याट निर्धारित स्थानमा स्थापना तथा सञ्चालन गर्नुपर्ने छ र चिलिङ्ग भ्याट प्राप्त गरेको जानकारी तथा अन्य कागजातहरु प्रथम पक्षलाई दिनुपर्ने छ।

४. चिलिङ्ग भ्याटको जडान तथा मर्मत सम्भारको सम्पूर्ण दायित्व दोस्रो पक्षको हुनेछ।

५.स्थापित चिलिङ्ग भ्याटलाई कम्तीमा ५ वर्ष अवधिसम्म सम्झौताभा उल्लेखित बाहेकको ठाउँमा स्थानान्तरण गर्न पाइने छैन ।

६. दोस्रो पक्षले कारणवस चिलिङ्ग भ्याट प्रयोगमा नल्याएमा प्रथम पक्षले फिर्ता लिन वा अर्को ठाउँमा सार्न सक्नेछ।

७. चिलिङ्ग भ्याट सञ्चालित स्थानमा सबैले देख्ने गरी अनिवार्यरुपमा चिस्यान केन्द्रको नाम ठेगाना तथा सहयोगी निकायको नाम उल्लेख गरी दोस्रो पक्षले बोर्ड राख्नु पर्नेछ।

८. दोस्रो पक्षले नियमितरुपमा सहकारी संस्थाको दूध सम्बन्धी कारोवारको प्रगति प्रथम पक्षलाई उपलव्ध गराउनु पर्नेछ।

९. प्रथम पक्षको तर्फवाट हुने निरीक्षण/अनुगमन तालिम आदि कार्यक्रममा सहयोग गर्नु दोस्रो पक्षको दायित्व हुनेछ।

१०. यो सम्झौताका बुँदाहरु आवश्यकता अनुसार परिमार्जन गर्न सकिने छ।

| **दोस्रो पक्षको तर्फबाट** | **प्रथम पक्षको तर्फबाट** | **रोहवर** |
|---|---|---|
| दस्तखत | दस्तखत | दस्तखत |
| नाम | नाम | नाम |
| पद | पद | पद |
| कार्यालय/संस्था | कार्यालय/संस्था | कार्यालय/संस्था |
| छाप | छाप | छाप |

इति सम्वत ...............साल .............महिना.......गते रोज ............शुभम्।

नेपाल सरकार कृषि तथा पशुपंक्षी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं